# Inaugural Address by the Minister for Land Management, Cooperatives, and Poverty Alleviation, Hon' Balaram Adhikari

Chairperson of this ceremony and President of the Nepal Institution of Chartered Surveyors, Mr. Tirtha Bahadur Pradhanang,

FIG President, esteemed Dr. Diane Dumashie,

Distinguished guests, and all esteemed participants of this grand conference,

Warm greetings to you all!

First and foremost, on behalf of the Government of Nepal, I extend a heartfelt welcome to all the international guests and invitees participating in this conference, hosted in Nepal—a land blessed by the peace messenger, Lord Buddha, the world's highest peak, Mt. Everest, and unparalleled natural beauty. I also wish to express my gratitude to the organizers for conducting this significant event jointly by the International Federation of Surveyors (FIG) and the Nepal Institution of Chartered Surveyors (NICS).

This conference, focused on addressing shared land-related challenges posed by climate change, particularly in the Asian region, provides the Ministry of Land Management, Cooperatives, and Poverty Alleviation, along with its affiliated institutions—the Land Management Training Center and the Survey Department—the opportunity to contribute as institutional partners. We view this as an important learning event.

In today's world, climate change is a global challenge. It is not just a concern for a specific geography but a shared global issue. One of the greatest challenges of humanity is dealing with natural and human-induced disasters. The topics of land use and its management are directly linked to climate change and disaster risk reduction. Recently, climate-responsive land management and good land governance have become globally significant issues of discussion and debate.

In Nepal, a country rich in natural beauty and biodiversity, we have faced the impacts of climate change, including floods and landslides, which not only affect the environment but also pose risks to the socio-economic and cultural aspects of society. Addressing these challenges is crucial for the sustainable development and prosperity of our nation. This conference is both relevant and timely in addressing the challenges posed by climate change.

We anticipate that this conference will delve into the impacts of climate change and disaster-related events on land use, land rights, and land ownership, and propose concrete recommendations for mitigating these impacts and informing government policies. I am pleased to learn from the FIG President Dr. Diane Dumashie that Call to Action" will be issued at the conclusion of the conference. This document, I believe, will provide a clear roadmap for adapting Nepal's land management systems to climate change, enhancing disaster resilience, building the capacity of personnel in this field, adopting modern technologies, exchanging best practices, and fostering regional and international collaboration.

Although Nepal has made efforts to establish constitutional, policy, and legal frameworks for addressing climate change and disaster management, further debate on the impacts of climate change on land management is necessary. Our ministry has already initiated policy discussions on the interrelationship between land and climate change. The National Land Policy 2018 aims to address challenges such as ensuring land ownership security, providing safe and organized housing, protecting agricultural land, ensuring food security, conserving the environment, reducing poverty, and managing risks posed by climate change through sustainable solutions to land-related issues.

To achieve long-term benefits through proper land use and effective management, we have initiated land classification efforts in coordination with local governments. In line with Nepal's Constitution and land-related laws, we are moving forward with legal and institutional arrangements to manage landless Dalits, landless squatters, and unorganized settlers. We are mindful of ensuring that resettlement does not occur in high-risk areas.

In the context of sustainable land management, we aim to make surveying, mapping, and geographic data collection more efficient, cost-effective, and citizen-oriented through the use of advanced technologies.

Finally, I expect the active participation of all attendees in achieving the objectives of this conference. I firmly believe that this event, organized to address the global concerns of climate change and its impacts on land governance, disaster management, and land rights, will contribute significantly to the formulation of Nepal's prosperous land management plans. The evidence-based discussions and interactions arising from this conference will serve as milestones for future policy development.

I extend my best wishes for the full success of this conference. I hope the stay of all distinguished experts and scholars representing various countries will be pleasant and memorable here in Nepal.

Thank you!

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय बलराम अधिकारीज्यूको FIG Regional Conference 2024 को समुद्घाटन मन्तव्य**

यस समारोहका सभाध्यक्ष तथा नेपाल इन्स्टिच्यूसन अफ चार्टर्ड सर्भेयर्सका सभापति श्री तीर्थबहादुर प्रधानाङ्गज्यू

फिगका अध्यक्ष आदरणीय डा. डायन डुमासीज्यू

लगायत यस भव्य सम्मेलनमा उपस्थित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरू

हार्दिक न्यानो अभिवादन !

सर्वप्रथम सम्मेलनमा सहभागी विदेशी पाहुना तथा आमन्त्रित व्यक्तित्वहरूलाई शान्तिका दूत भगवान बुद्धको देश, विश्वको सर्वोच्च शिखर सगरमाथाको देश, प्राकृतिक सुन्दरताले भरिपूर्ण देश, नेपालमा नेपाल सरकारको तर्फबाट हार्दिक स्वागत गर्दछु । ईन्टरनेशनल फेडेरेशन अफ सर्भेयर (फिग) र नेपाल इन्स्टिच्यूसन अफ चार्टर्ड सर्भेयर्स बाट संयुक्त रुपमा आयोजित यस महत्वपूर्ण सम्मेलनको आयोजना नेपालमा गरिएकोमा आयोजक प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यबाद दिन चाहन्छु। जलवायु परिवर्तनको असरबाट उब्जिएका विशेषतः एशिया महादेशका भूमि सम्बन्धी साझा समस्याहरूलाई सम्बोधन गर्ने विषयमा केन्द्रित हुनेगरी आयोजित यस सम्मेलनमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मातहतका भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र एवम् नापी विभाग समेतले संस्थागत साझेदारको रूपमा योगदान गर्ने अवसर पाएकोमा यसलाई हामीले महत्वपुर्ण लर्निङ्ग ईभेन्टका रुपमा लिएका छौं ।

आजको समयमा जलवायु परिवर्तन विश्वव्यापी चुनौतीको रुपमा रहेको छ । जलवायु परिवर्तन कुनै एक निश्चित भुगोलको चासोको विषय मात्र नभई विश्वव्यापी साझा चासोको विषय हो । मानव जातिले व्यहोर्नु परेको ठूलो चुनौती प्राकृतिक एवम् मानव सृजित प्रकोप हो। भूमिको उपयोग र यसको व्यवस्थापन पद्धति सँग जलवायू परिवर्तन र प्रकोप न्युनीकरण जस्ता

विषयहरु प्रत्यक्ष रुपमा जोडिएका हुन्छन्। पछिल्लो समय जलवायु उत्तरदायी भूमि व्यवस्थापन तथा असल भूमि शासन विश्वव्यापी रुपमा छलफल र बहसको विषय बनेको छ।

नेपालको सन्दर्भमा कुरा गर्दा प्राकृतिक सौन्दर्य र जैविक विविधताले भरिपूर्ण हाम्रो देशले बाढी, पहिरो लगायत जलवायु परिवर्तनको कारण सृजित असर भोगिरहनु परेको छ। यसले पर्यावरणमा मात्र हैन समाजको आर्थिक, सामाजिक सांस्कृतिक पक्षलाई नै जोखिममा पारिरहेको छ। मुलुकको दिगो विकास र समृद्धिका लागि जलबायु परिवर्तनका चुनौतीहरु समाधान गर्न यो सम्मेलन सान्दर्भिक एवम् समसामयिक देखिन्छ।सम्मेलनमा जलवायु परिवर्तन र सोबाट सिर्जित प्रकोपजन्य घटनाबाट भूउपयोग, भूमि अधिकार र भूमिको स्वामित्व लगायतमा परेको असरलाई के कसरी न्यूनीकरण गर्न भन्ने विषयमा घनिभूत छलफल हुनेछ र सरकारले अबलम्बन गर्नुपर्ने उपायका बारेमा ठोस निस्कर्ष सहितको सुझाव प्राप्त हुनेछ भन्ने अपेक्षा राखेको छु ।

फिगका अध्यक्ष डाक्टर डायन डुमासीज्यूले सम्मेलनको अन्तमा “कल टु एक्सन” जारी गरिने कुरा जानकारी पाउँदा म हर्षित भएको छु ।यस दस्तावेजले नेपालको भूमि व्यवस्थापन प्रणालीलाई जलवायु अनुकूलन कसरी तुल्याउन सकिन्छ, प्रकोप उत्थानशीलता कसरी अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयका अतिरिक्त यस क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास, आधुनिक प्रविधिको अबलम्बन, असल अभ्यासहरुको आदान प्रदान लगायत क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय रुपमा सहकार्यको वातावरण सिर्जना गर्ने विषयमा प्रष्ट खाका ल्याउनेछ भन्ने मेरो अपेक्षा छ ।

नेपालमा जलवायु परिवर्तन तथा प्रकोप व्यवस्थापनका सन्दर्भमा संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था गर्ने प्रयास भएको भए तापनि भूमि व्यवस्थापनको क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरका विषयमा थप बहस जरुरी छ । मन्त्रालयले जलवायु परिवर्तन र भूमिको अन्तरसम्बन्ध बारेमा नीतिगत बहस चलाउन शुरु गरेको छ । भू स्वामित्वको सुरक्षा, सुरक्षित र व्यवस्थित आवासको व्यवस्था, कृषि भूमिको संरक्षण, दिगो पूर्वाधार विकास, खाद्य सुरक्षाको

सुनिश्चितता, वातावरण संरक्षण, गरिबी न्यूनीकरण तथा जलवायु परिवर्तनका असरले सृजित जोखिमको व्यवस्थापन लगायतका क्षेत्रमा देखा परेका चुनौतीहरुलाई भूमिसम्बन्धी सवालहरुको दिगो र स्थायी समाधान मार्फत सम्बोधन गर्न राष्ट्रिय भूमि नीति, २०७५ जारी गरिएको छ। भूमिको समुचित उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत दिगो लाभ हासिल गर्न स्थानीय सरकारको समन्वयमा भूमिको वर्गिकरण गर्न शुरु गरिएको छ। नेपालको संविधान तथा भूमि सम्बन्धी कानुनले मार्गदर्शन गरे बमोजिम भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न कानुनी र संस्थागत प्रबन्ध गरी कार्य अगाडी बढाईएको छ।बसोबास व्यवस्थापन गर्दा जोखिमयुक्त क्षेत्रमा वसोवास नहोस भन्ने कुरामा हामी सचेत छौं । भूमिको प्रभावकारी एवम् दिगो व्यवस्थापनका सन्दर्भमा नापनक्शा तथा भौगोलिक सूचना संकलन लाई अत्याधुनिक प्रविधिको प्रयोग मार्फत छिटो, छरितो लागत प्रभावी र जनमुखी बनाउने प्रयास गरिएको छ।

अन्त्यमा, सम्मेलनको उद्देश्य प्राप्तिका लागि सहभागी सबैको सक्रिय सहभागिताको अपेक्षा गर्दछु। विश्वव्यापी रुपमा चासो र चिन्ताको रुपमा हेरिएको जलवायु परिवर्तनको कारण भूमि सुशासन, प्रकोप व्यवस्थापन तथा भूमि अधिकारको क्षेत्रमा पर्ने प्रभाव न्यूनिकरण तथा निराकरण गर्ने उदेश्यले आयोजना गरिएको यो सम्मेलन नेपालको समृद्द भूमि व्यवस्थापन योजना निर्माणको लागि सहायक सिद्ध हुने विषयमा समेत म विश्वस्त छु। अध्ययन अनुसन्धानमा आधारित तथ्यपरक बहस तथा अन्तर्क्रियाबाट निस्कने निष्कर्ष भावी नीति निर्माणका लागि कोसेढुंगा सावित हुने अपेक्षाका साथ यो सम्मेलन लक्ष्य अनुरुपको उद्देश्य हासिल गर्न सक्षम हुनेछ भन्ने मेरो विश्वास छ।

सम्मेलनमा सहभागि विभिन्न मुलुकबाट प्रतिनिधित्व गर्नुहुने विषय विज्ञ तथा विद्वत वर्गमा नेपालको बसाई अत्यन्त सुखद एवम् स्मरणीय रहोस् भन्ने कामना गर्दै सम्मेलनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!